२०७६।८।२२ गतेको निर्णयानुसार २०७६।८।२३ मा बस्ने भनिएको बैठक विशेष कारणवस स्थगन भई २०७६।८।२५ गते बैठक सञ्चालन भएको ।
आज मिति २०७६ साल मंसिर २५ गते बुधवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | अनुपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | अनुपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | अनुपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | अनुपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| का.वा. अध्यक्ष व्यास १ | श्री निरबहादुर मल्ल | उपस्थित |
| का.वा. अध्यक्ष व्यास ४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| का.वा. अध्यक्ष व्यास ९ | श्री सूर्यबहादुर थापा | उपस्थित |
| वरिष्ठ आ.ले.प.अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| वरिष्ठ इन्जिनियर | डा.राजु पौडेल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |

प्रस्तावहरु

१. कामका लागि पारिश्रमिकमा आधारित आयोजना प्रस्ताव पठाउने सम्बन्धमा ।
२. विद्यालयहरुमा विनियोजन रकम बाडफाँड सम्बन्धमा ।
३. जग्गा विकास आयोजना व्यवस्थापन समिति
४. नगर विकास समिति गठन
५. जग्गा विकास आयोजनाका लागि उपकरण खरिद सम्बन्धमा ।
६. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सम्बन्धमा ।
७. मेलमिलाप सम्बन्धी आधारभूत तालिम सञ्चालन सम्बन्धमा ।
८. खानेपानी सम्बन्धी गुरुयोजना निर्माण सम्बन्धमा ।
९. कृषि सम्बन्धी गुरुयोजना निर्माण सम्बन्धमा ।
१०. फोहोरमैला व्यवस्थापन केन्द्र सञ्चालन सम्बन्धमा ।
११. कृषि तथा भेटेरीनरीमा आधारित अनुदान सम्बन्धी कार्यविधिहरु पारित सम्बन्धमा ।
१२. रिस्ती स्वास्थ्यचौकीको नाम परिवर्तन सम्बन्धमा ।
१३. सल्लाहकार मनोनयन सम्बन्धमा ।
१४. विभिन्न कार्यक्रम तथा तालिम संचालन सम्बन्धमा ।
१५. राष्ट्रपति रनिङ शिल्ड खेलकूद प्रतियोगिता संचालन सम्बन्धमा ।
१६. नव नियुक्त स्थायी शिक्षकहरुको पदस्थापन सम्बन्धमा ।
१७. विभिन्न कार्यक्रम तथा योजनाहरुमा रकम विनियोजन गर्ने सम्बन्धमा ।
१८. शौचालय निर्माणका लागि विद्यालयहरुलाई अनुदान वितरण सम्बन्धमा ।
१९. जनशक्ति व्यवस्थापन सम्बन्धमा ।
२०. अख्तियार दूरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझाव सम्बन्धमा ।
२१. शिक्षक सरुवा एवं राहत दरबन्दी सम्बन्धमा ।
२२. शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने गरी कामका लागि पारिश्रमिकमा आधारित विभिन्न वडाहरुबाट छनौट भई आएका तपसिल बमोजिमका योजनाहरु स्वीकृतिका लागि आयोजना प्रस्ताव तयार गरी सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

| वडा नं. | प्रस्तावित आयोजनाको नाम | रमक रु. | कैफियत |
|---|---|---|---|
| १ | क्षेत्री समाजको भवन हुँदै पूर्व तिरको प्लटिङ्ग व्यास १ पानी ट्याङ्कीबाट छाब्दी मार्गसम्म बाटो विस्तार तथा पक्कीनाला निमार्ण योजना | १३,००,५६३। | |
| २ | पुलचोक टोल अन्तर्गत रमेश पौडेलको घडेरीदेखि क्रियापुत्री खाना खाने स्थल हुँदै पानी घट्टासम्म पैदल बाटो निमार्ण योजना | ५,००,०००। | |
| ४ | सिमलटार खेल मैदान निर्माण गर्ने कार्य | २४,९३,०६६। | |
| ५ | -मानुङ पैदल मार्ग निर्माण | ५,०२,७०२। | |
| | -लालीगुराँस आमा समूहको भवन निर्माण | ५,०३,१७०। | |
| | -पतेनी (सामुदायिक) दरैगाउँ टोल अन्तर्गत लुते बराह नमूना वस्तीका लागि खानेपानी योजना | ५,००,०००। | |
| ६ | -शिवालय मोटर मार्ग पक्की नाला निर्माण | ५,०१,८३९। | |
| | -महीन्द्री ग्रामिण मार्ग पक्की नाला निर्माण | ५,०१,८३९। | |
| | -शिशाघाट सामुदायिक भवन निर्माण | ५,००,०००। | |
| ७ | -ज्यामिरे खोल्सी चौतारी निर्माण | ५,००,८९५। | |
| | -मेरियाको चौतारी निर्माण | ५,००,३४०। | |

| | | | |
|---|---|---|---|
| | -साढीको बगैंचामा खेलकुद मैदान निर्माण | ५,००,२७६। | |
| | -श्रीचौर खेलकुद मैदान निर्माण | ५,००,१७०। | |
| ८ | कच्ची नाला निर्माण गर्ने कार्य | ११,४४,३३०। | |
| ९ | -राजापानी मोटर मार्ग पक्की नाला निमार्ण योजना | ९,५४,३५७। | |
| | -गोल्टारी कुलो मर्मत तथा नयाँ निमार्ण योजना | ७,०६,४२३। | |
| | -अमर शहिद मोटर मार्ग पक्की नाला निमाण | ९,५४,३५७। | |
| | -डाँडाबाट मेवाबारी जाने सिढीं बाटो निर्माण | ५,००,०००। | |
| १० | देवी डाँडामा पार्क निर्माण गर्ने कार्य | २३,६६,८५८। | |
| ११ | -**मुख्यमुख्य मोटर मार्ग:** पराशर, बागेश्वरी, मुक्तिनारायण, खड्ककाली, बाराही रानी, अमर शहिद, दरैपँधेरा, कोकलडाँडाँ कच्ची नाला निर्माण | १८,०२,३७०। | ३ ठाउँमा |
| | -खैरेनी पार्क जाने बाटोमा सिँढी निर्माण कार्य | ६,००,३२०। | |
| १२ | -भालुखोला खानेपानी योजना निर्माण | १०,००,०००। | |
| | -कमलवारी, सेरा, छविसे मोटर मार्ग निर्माण | ५,००,०००। | |
| | -गोल्ला सामुदायिक भवन निर्माण | १०,००,०००। | |
| १३ | -वेनीकोट-भञ्ज्याङ्ग रिङ्गरोड कृषि तथा सुन्तला मार्गको कच्ची नाली निर्माण | २५,००,०००। | |
| | -भञ्ज्याङ्ग छावडाँडा हुदै सुडेपुलसम्म पद मार्ग निर्माण | | |
| | -कालीमाटी कुकुरढुङ्गे मार्गको कच्ची नाली निर्माण | | |
| १४ | -केशवटार-कुलुङ्ग मोटर मार्ग ग्याबिन र नाली | २५,००,०००। | |
| | -कुलुङ्ग-वडहर भञ्ज्याङ्ग छाब्दी मार्ग कटिङ्ग तथा नाली | | |
| | -रुम्सी स्कुल देखी वेलडाँडा मोटर मार्ग कटिङ्ग तथा नाली | | |

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्ष २०७६।०७७ मा शिक्षा क्षेत्रमा विनियोजित रकमबाट नमूना विद्यालय पूर्वाधारका लागि देहाय बमोजिमका विद्यालयहरुमा कम्पाउण्डवाल निर्माण, कक्षा कोठा मर्मत तथा रंग रोगन, फर्निचर, युरोगार्ड खरिद, कम्प्युटर खरिद कार्य मध्ये विद्यालयको प्राथमिकताको आधारमा प्राविधिक लागत इष्टिमेटको आधारमा योजना तथा कार्यक्रममा खर्च गर्ने गरी देहाय बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | विद्यालयको नाम | ठेगाना | विनियोजित रकम |
|---|---|---|---|
| १. | जलदेवी मा.वि. | व्यास १ | ५००,०००। |
| २. | बुद्धदाहाल -विशेष कक्षा | व्यास १ | २५०,०००। |
| ३. | जनसेवा प्रा.वि- विशेष कक्षा | व्यास २ | २५०,०००। |
| ४. | शिवपाञ्चायन प्र.मा.वि. | व्यास ३ | २५०,०००। |
| ५. | वेदव्यास प्रा.वि. | व्यास ४ | १५०,०००। |
| ६. | मदर्शा प्रा.वि. | व्यास ४ | १५०,०००। |
| ७. | उदय मा.वि. | व्यास ५ | ५००,०००। |
| ८. | शुक्र आधारभूत विद्यालय | व्यास ५ | ३००,०००। |
| ९. | पराशर आधारभूत विद्यालय | व्यास ५ | २००,०००। |
| १०. | सिन्धु प्राथमिक विद्यालय | व्यास ५ | १००,०००। |

| | | | |
|---|---|---|---|
| ११. | महेन्द्रज्योति मा.वि. | व्यास ६ | ३००,०००। |
| १२. | माहेन्द्री नि.मा.वि | व्यास ६ | ३००,०००। |
| १३. | अमरज्योति प्रा.वि. शेषटार | व्यास ६ | १००,०००। |
| १४. | क्यामिनकोट मा.वि. छापथोक | व्यास ७ | ३००,०००। |
| १५. | क्यामिन मा.वि. कलेस्ती | व्यास ७ | ३००,०००। |
| १६. | समाजन आधारभूत विद्यालय | व्यास ८ | १००,०००। |
| १७. | नयाँ ज्योति प्रा.वि. | व्यास ८ | २००,०००। |
| १८. | माहेन्द्री मा.वि. गेट निर्माण | व्यास ९ | २००,०००। |
| १९. | बसाहस्थान मा.वि. ग्राउण्ड निर्माण | व्यास ९ | २००,०००। |
| २०. | सरस्वती आधाभूत विद्यालय | व्यास ९ | २००,०००। |
| २१. | लक्ष्मी आधारभूत विद्यालय | व्यास ९ | २००,०००। |
| २२. | चण्डीदेवी मा.वि. | व्यास १० | ४००,०००। |
| २३. | शिव मा.वि. | व्यास १० | ४००,०००। |
| २४. | वाराही मा.वि. | व्यास ११ | ४००,०००। |
| २५. | चण्डीदेवी आधारभूत विद्यालय | व्यास ११ | २००,०००। |
| २६. | अमरज्योति मा.वि. | व्यास १२ | २००,०००। |
| २७. | मत्स्यकन्या आधारभूत विद्यालय | व्यास १२ | १००,०००। |
| २८. | करलुङ आधारभूत विद्यालय | व्यास १२ | २००,०००। |
| २९. | वि.पि. प्राथमिक विद्यालय | व्यास १२ | ५०,०००। |
| ३०. | छाब्दी बाराही प्राथमिक विद्यालय | व्यास १२ | १००,०००। |
| ३१. | जनजागृति मा.वि. | व्यास १३ | ५००,०००। |
| ३२. | गुदीफच्याङ आधारभूत विद्यालय | व्यास १३ | २००,०००। |
| ३३. | वेनीमित्र आधारभूत विद्यालय | व्यास १३ | २००,०००। |
| ३४. | केशवटार मा.वि. | व्यास १४ | ५००,०००। |
| | | जम्मा | ८,५००,०००। |

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा जग्गा एकीकरण आयोजना संचालन कार्यविधि (सन्दर्भ पुस्तिका), २०७२ ले गरेको व्यवस्था बमोजिम यस नगरपालिकामा प्रस्ताव गरिएका विभिन्न वडाका एकीकृत जग्गा विकास परियोजनाको लागि नगर प्रमुखको अध्यक्षतामा देहाय बमोजिमको जग्गा विकास आयोजना व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

१. अध्यक्ष श्री वैकुण्ठ न्यौपाने (नगर प्रमुख)
२. सदस्य श्री दिनेश राज पन्त (सदस्य सचिव नगर विकास समिति)
३. ,, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय)
४. ,, प्रमुख मालपोत कार्यालय
५. ,, प्रमुख जिल्ला नापी कार्यालय
६. ,, प्रमुख, शहरी विकास तथा भवन डिभिजन कार्यालय
७. ,, प्रमुख, सडक डिभिजन कार्यालय

| | | |
|---|---|---|
| ८. | ,, | प्रमुख, जिल्ला खानेपानी कार्यालय |
| ९. | ,, | प्रमुख, विद्युत प्राधिकरण कार्यलय |
| १०. | ,, | श्री सम्बन्धित वडाका वडाध्यक्ष |
| ११. | ,, | जग्गाधनी प्रतिनिधि (२ जना सम्बन्धित जग्गा सहजीकरण समितिको सिफारिस अनुसार) |
| १२. | ,, | श्री मोही प्रतिनिधि (२ जना सम्बन्धित जग्गा सहजीकरण समितिको सिफारिस अनुसार) |
| १३. | ,, | श्री यज्ञबहादुर राना (व्यास नगरपालिका कानूनी सल्लाहकार) |
| १४. | ,, | श्री सुर्यभक्त साँगाक्षे (एनसेट प्रतिनिधि, जग्गा एकीकरण विशेषज्ञ) |
| १५. | सदस्य सचिव | श्री रविन्द्रलाल मुल (व्यास नगरपालिका, आयोजना प्रमुख) |

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा नगर विकास ऐन २०४५ को पछिल्लो संशोधनले गरेको प्रावधान अनुसार नगर प्रमुखको अध्यक्षतामा देहाय बमोजिमको व्यास नगर विकास समिति गठन गरी स्वीकृतिका लागि नेपाल सरकार अन्तर्गतको सम्बन्धित मन्त्रालयमा सिफारिस पठाउने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. | अध्यक्ष | नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने |
| २. | सदस्य | श्री केशबहादुर सुनार, प्रतिनिधि, जिल्ला समन्वय समिति |
| ३. | ,, | सहायक प्र.जि.अ. श्री रामेश्वर अर्याल, प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय |
| ४. | ,, | मालपोत अधिकृत श्री ठाकुर प्रसाद सिग्देल, जिल्ला मालपोत कार्यालय, |
| ५. | ,, | नापी अधिकृत श्री कृष्णप्रसाद आचार्य, जिल्ला नापी कार्यालय |
| ६. | ,, | वडाध्यक्ष श्री तुलसीराम सापकोटा |
| ७. | ,, | वडाध्यक्ष श्री मोहनकुमार श्रेष्ठ |
| ८. | ,, | वडाध्यक्ष श्री सूर्यभक्त भण्डारी |
| ९. | ,, | समाजसेवी श्री देवकुमार श्रेष्ठ |
| १०. | ,, | समाजसेवी श्री कला पुन |
| ११. | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत श्री दिनेश राज पन्त |

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा एकीकृत जग्गा विकास आयोजना एवं कार्यालयको नियमित कार्यमा प्रयोग गर्न अत्यावश्यक रहेका देहाय बमोजिमका उपकरणहरु नियमानुसार खरिद गर्ने निर्णय गरियो ।

१. डि.जि.पि.एस.

२. टोटल स्टेशन

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा नगर क्षेत्रभित्रका ८४ वर्ष पुरा भएका ज्येष्ठ नागरिकहरुलाई सम्मान गर्ने गरी मिति २०७६।८।२४ तय गरिएकोमा व्यास नगरपालिकाका वडा नं.१० का वडा सदस्य स्व. हेमराज पोखेलको असामयिक निधन भएका कारण स्थगित हुन गएको उक्त कार्यक्रम मिति २०७६ पौष २ गतेका दिन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाबाट सम्पादन हुने मेलमिलाप सम्बन्धी कार्यहरुलाई अझ प्रभावकारी एवं परिणाममूखी बनाउँदै लैजानको लागि मध्यस्थकर्ताहरुको क्षमतामा अभिवृद्धि गर्नुपर्ने अवस्था रहेको सन्दर्भमा यसलाई संख्यात्मक भन्दा पनि गुणात्मक तवरले

सवलीकरण गर्न न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७४ को दफा ५९ बमोजिम योग्यता पुगेका मेलमिलापकर्ताहरुको सूची तयार गरी मेलमिलाप सम्बन्धी आधारभूत तालिम प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्ष २०७६।०७७ को कार्यक्रम अनुसार नगरपालिका क्षेत्रको खानेपानी आपूर्तिको मौजुदा अवस्था, खानेपानीका स्रोतहरुको उपलब्धता तथा खानेपानी आपूर्तिको लागि परम्परागत एवं नयाँ प्रविधिको परीक्षण र प्रयोगको सम्भावना समेतलाई सम्वोधन गर्ने गरी खानेपानी सम्बन्धी गुरुयोजना तयार गर्न परामर्शदाता छनौट गर्ने कार्यका लागि आवश्यक प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्ष २०७६।०७७ को कार्यक्रम अनुसार यस नगरपालिकाको कृषि क्षेत्रको विकास र प्रवर्द्धन गर्दै व्यवसायिक कृषि प्रणालीलाई बढवा दिई स्थानीय स्तरको उत्पादनमा वृद्धि गरी एउटा आत्मनिर्भर नगरपालिकाको रुपमा यस नगरपालिकालाई स्थापित गराउन आधुनिक कृषि प्रणालीको अवधारणा मुताविक व्यास नगरपालिकाको कृषि क्षेत्र सम्बन्धी गुरुयोजना तयार गर्न परामर्शदाता छनौट गर्ने कार्यका लागि आवश्यक प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापनको लागि यस नगरपालिकाको वडा नं.५ को टेकनथुम्की सामुदायिक वनमा अन्तर्गतको जग्गामा फोहोरमैला प्रशोधन केन्द्र निर्माण गर्ने गरी पूर्व सम्भाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी कार्यहरु लगायत अन्य प्रारम्भिक कार्यहरु अगाडि बढाइसकिएको सन्दर्भमा यस नगरपालिकाको बढ्दो शहरीकरण एवं जनघनत्वलाई मध्यनजर गरी उल्लेखित स्थानको साथसाथै अन्य वैकल्पिक स्थानहरुको समेत खोजी गरी फोहोरमैला प्रशोधन केन्द्र निर्माण गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी व्यास नगरपालिका वडा नं.४ र १० को क्रमशः बागभन्ज्याङ सामुदायिक वन उपभोक्ता समिति र कमलाथुम्की सामुदायिक वन उपभोक्ता समितिको सिमानामा पर्ने स्थानको पूर्व सम्भाव्यता अध्ययन पूर्व वातावरणीय मूल्यांकन गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा सम्बन्धित शाखाबाट पेश हुन आएका देहाय बमोजिमका कार्यविधिहरु उपर दफावार छलफल गरी संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

(क) सहकारीमा आधारित दुध र मासु उत्पादन तथा बजारीकरण अनुदान कार्यविधि, २०७६

(ख) कृषि र पशुपालन व्यवसाय तथा बजारीकरणमा आधारित अनुदान कार्यविधि, २०७६

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.८ पुलिमराङमा अवस्थित “रिस्ती” स्वास्थ्यचौकीलाई नाम परिवर्तन गरी “पुलिमराङ स्वास्थ्यचौकी” नामाकरण गर्न उपयुक्त देखिएको हुँदा रिस्ती स्वास्थ्यचौकीको सट्टामा पुलिमराङ स्वास्थ्यचौकी भनी नाम कायम गर्न सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.१५ तल्छिखेल निवासी सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याई सामाजिक अभियान्ताका रुपमा आफ्नो विश्वव्यापी पहिचान बनाउनु भएका विशिष्ठ श्रेणीका राष्ट्रिय समाजसेवी प्रा.डा. जगदीशचन्द्र वैद्यज्यूलाई सम्मानार्थ यस नगरपालिकाको सल्लाहकार मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाद्वारा संचालन हुने विभिन्न प्रकृतिका तालिमहरु संचालन हुनु अगाडि कार्यपालिका बैठकमा जानकारीका लागि पेश गर्न तथा सम्बन्धित वडाका पदाधिकारीहरुलाई समेत जानकारी गराई तालिम एवं कार्यक्रमहरु संचालनको व्यवस्था मिलाउन कार्यालय लगायत सम्बन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रभित्र रहेको सामुदायिक तथा निजी माध्यमिक तहको विद्यालयहरुको सहभागिता रहने गरी यस वर्षको राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता आगामी पौष ११ गतेबाट प्रारम्भ गरी ३ दिनसम्म (२०७६ पौष ११, १२ र १३ गते) संचालन गर्ने गरी आवश्यक तयारी गर्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा स्थायी नियुक्तिका लागि सिफारिस भई आएका शिक्षकहरुको पदस्थापनाको लागि शिक्षा शाखाबाट पेश भए अनुसार कार्यालयको मिति २०७६।८।१२ गतेको निर्णय अनुसार गरिएको विभिन्न स्थायी शिक्षकहरुको पदस्थापन प्रकिया अनुमोदन गर्ने निर्णय गरियो । साथै आगामी मंसिर मसान्तसम्म पदस्थापन हुन बाँकी अन्य सम्पूर्ण शिक्षकहरुको पदस्थापन गर्ने कार्य सम्पन्न गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं आवश्यकता प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शिर्षक |
|---|---|---|---|---|
| १. | वडा पहुँच मार्ग सफाई | १४ | ९६,४००। | विविध फुटकर |
| २. | कृषि यान्त्रिकरण प्रविधि तालिम | ३ | १०,३००। | कन्टिन्जेन्सी |
| ३. | विपद अन्तर्गत राहत -बाखा क्षतिपूर्ति) | ९ | ५५,०००। | विपद व्यवस्थापन |
| ४. | पोखरीभन्ज्याङ स्वास्थ्यचौकी उद्घाटन | १३ | ४०,०००। | विविध फुटकर |
| ५. | आलेगाउँ खानेपानी विस्तार | १३ | ६३,५००। | विविध फुटकर |
| ६. | सडक बत्ती जडा | १० | १९०,६००। | सडक बत्ती |
| ७. | छाब्दी दोभान विश्राम ठाँटी मर्मत | १३ | १००,०००। | विविध फुटकर |
| ८. | टोल सफाई रंग रोगन र पिङ | १० | ९,०००। | विविध फुटकर |
| ९. | खानेपानीका लागि मोटर खरिद | १० | १००,०००। | विविध फुटकर |
| १०. | उमेश न्यौपाने मानसिक अपाङता व्यवस्थापन | १० | २५,०००। | अपाङ्ता |
| ११. | प्रधानाध्यापकहरुलाई लेखा सम्बन्धी तालिम | | १३१,८००। | कन्टिन्जेन्सी |
| १२. | योमरी पुन्नी साँस्कृतिक कार्यक्रम संचालन | ३ | ३०,०००। | कला संस्कृति |
| १३. | विज्ञान प्रदर्शनी कार्यक्रम | १ | ५०,०००। | ४.१.४४ |
| १४. | अमरापुरी पुलको मुखमा जाली निर्माण | १ | १८०,०००। | विविध फुटकर |
| १५. | वडा कार्यालय खानेपानी जडान | १० | ९३,७००। | विविध फुटकर |
| १६. | नर्सरी स्थापना तारवार | १० | ३००,०००। | ४.१.१६ |
| १७. | वडा कार्यालय पार्टेशनको कार्य | १० | ६३,३००। | विविध फुटकर |
| १८. | आदिकवि भानुभक्त क्याम्पस अनुसन्धान कृति प्रकाशन | १ | ५०,०००। | ४.१.४४ |
| १९. | व्याड्मिन्टन प्रतियोगिता संचालन | ३ | ५०,०००। | खेलकुद |
| २०. | वेलवास पुरुवा चौतारा कुलो मर्मत | १३ | ५५,०००। | विविध फुटकर |

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकालाई ३ वटा शौचालयका लागि प्राप्त रु.२१,००,०००। सशर्त अनुदानलाई तपसिलमा उल्लेखित विद्यालयहरुलाई शौचालय निर्माणका लागि देहाय बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं. | विद्यालयको नाम | ठेगाना | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १. | बसन्त आधारभूत विद्यालय | व्यास ११ | ७००,०००। | |
| २. | जनता आधारभूत विद्यालय | व्यास १० | ७००,०००। | |
| ३. | पञ्चज्योति प्रा.वि. | व्यास ७ | ७००,०००। | |

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार मन्त्री परिषद्को २०७६।३।१३ गतेको बैठकको निर्णयको बुँदा नं.४ तथा सो सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या २०७६।०७७, च.नं.०५, मिति २०७६।४।१३ को पत्र अनुसार यस नगरपालिकाका नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा मिति २०७६।५।८ गते बसेको सरोकारवालाहरुको बैठकको निर्णय बमोजिम बाल कल्याण समिति अन्तर्गत रहेका कर्मचारीहरु मध्ये तपसिल बमोजिमका कर्मचारीहरुलाई यस नगरपालिकाको सम्बन्धित शाखामा रही काम काज गर्ने गरी जिम्मेवारी तोक्ने निर्णय गरियो ।

| क.सं. | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री सन्तोष गोदार | कार्यक्रम अधिकृत, अधिकृतस्तर छैटौं | |
| २. | श्री मुना तमाङ्ग | कार्यालय सहायक, सहायकस्तर चौथो | |

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा अख्तियार दूरुपयोग अनुसन्धान आयोग टंगाल काठमाण्डौबाट प्राप्त स्थानीय तहसँग सम्बन्धित उजुरीहरुको अनुसन्धानः सवालहरु तथा आयोगका तर्फबाट दिइएको सुझावहरुका सम्बन्धमा बृहद् रुपमा छलफल गरी यस तर्फ सजगता अपनाई अझ पादरर्शी एवं प्रभावकारी रुपमा यस नगरपालिकाको दैनिक कार्य सम्पादन गर्ने गराउन व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.२१.**: प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा पदस्थापनाका लागि सिफारिस भई आएका दृष्टिविहिन शिक्षक सुशील पण्डित र विशेष शिक्षक (अपाङ्गता) श्री कमल श्रेष्ठलाई क्रमशः वेदव्यास प्रा.वि. व्यास ४ र बुद्धदाहाल प्रा.वि. व्यास १ मा दरबन्दी कामय गरी पदस्थापन गर्न र उक्त विद्यालयहरुमा भएको राहत दरबन्दी देउराली प्रा.वि. व्यास ६ र शुक्र आधारभूत विद्यालय व्यास ५ मा कायम गरी उक्त विद्यालयका प्रा.वि. दरबन्दी वेदव्यास र बुद्धदाहाल प्रा.वि.मा स्थानान्तरण गर्ने निर्णय गरियो । साथै व्यास नगरपालिका वडा नं.१ जलदेवी माध्यमिक विद्यालयमा नि.मा.वि. दरबन्दीमा रहनु भएका श्री वलराम वाग्लेलाई दरबन्दी सहित शिव पाञ्चायन माध्यमिक विद्यालय व्यास ३ मा र चण्डीदेवी आधारभूत विद्यालय व्यास ११ का प्रा.वि. दरबन्दीका श्री विष्णुबहादुर वि.क.लाई वाराही माध्यमिक विद्यालयल व्यास ११ मा स्थानान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा यही मिति २०७६ साल मंसिर २३ गते दिउँसो व्यास नगरपालिका वडा नं.१० को वडा समितिको बैठक सञ्चालन भइरहेको अवस्थामा हृदयघात भई वडा सदस्य श्री हेमराज पोखेलज्यूको अल्पायुमा हुन गएको दुःखद देहावसानले हामीलाई अत्यन्त दुखित तुल्याएको छ । उहाँको निधनले यस नगरपालिकाले एउटा कर्मठ, लगनशील, विकासप्रेमी एवं लोकप्रिय जनप्रतिनिधि गुमाउनका साथै यस नगरपालिकालाई अपूरणीय क्षति समेत पुग्न गएको छ । यस दुःखद घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गरी सम्पूर्ण परिवारजन, इष्टमित्र एवं शुभचिन्तकहरुमा हार्दिक समवेदना व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो । साथै काजकृया खर्च स्वरुप रु.१,००,०००। (एक लाख) उहाँकी धर्मपत्नी रुकुदेवी घिमिरेलाई उपलब्ध गराउने समेत निर्णय गरियो ।